दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २५९ | बुटवल | २०८१ भदौ २९, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Sept.14, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

लुम्बिनी प्रदेशसभा :

# कानुन बनाउँदा सरोकारवालासँग हुँदैन छलफल, समेटिन्नन् सुझाव

**लुम्बिनी प्रदेशसभाको पहिलो कार्यकालमा ७२ वटा र दोस्रो कार्यकालको दुई वर्षमा २ वटा गरी हालसम्म ७४ वटा कानुन बने । तर यी कानुन बनाउँदा सरोकारवाला पक्षसँग यथेष्ट र प्रभावकारी छलफल नभएका र छलफल भए पनि आएका सुझाव नसमेटी कानुनहरु बनेका सरोकारवालाको गुनासो छ ।**

**टिआर शर्मा**
*बुटवल*

लुम्बिनी प्रदेशसभामा २०७९ जेठ १० गते पेश भएको औद्योगिक व्यवसायसम्बन्धी प्रचलित प्रदेश कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, प्रदेशसभाको दोस्रो कार्यकालको दुई वर्ष बितिसक्दा पनि पारित भएको छैन । लुम्बिनी प्रदेशसभाको पहिलो कार्यकालमा ७२ वटा र दोस्रो कार्यकालको दुई वर्षमा २ वटा गरी हालसम्म ७४ वटा कानुन बने । तर यी कानुन बनाउँदा सरोकारवालासँग यथेष्ट र प्रभावकारी छलफल नभएका र छलफल भए पनि आएका सुझाव नसमेटी कानुनहरु बनेका सरोकारवालाको गुनासो छ ।

औद्योगिक व्यवसायसम्बन्धी प्रचलित प्रदेश कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका सम्बन्धमा उद्योग-वाणिज्य क्षेत्रका निजी संघसंस्थासँग यथेस्ट छलफल नभएको उनीहरुले बताएका छन् ।

'सरकारी तहबाट विधेयकबारे कुनै बोलावट, छलफल केही भएको छैन,' चेम्बर अफ कमर्स लुम्बिनीका अध्यक्ष टंकप्रसाद पोखरेलले भने-'प्रदेश सरकार र प्रदेशसभाका विषयगत समितिले कानुन निर्माणका सवालमा निजी क्षेत्रको भूमिकालाई खासै महत्व दिएको छैनन् ।'

'औद्योगिक व्यवसायसम्बन्धी कानुन बनाउँदा निजी क्षेत्रका सबै संघसंस्थासँग अनिवार्य छलफल गरी राय सुझाव लिनुपर्ने हो तर त्यो भएको छैन,' उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले भने-'प्रदेश सरकार कार्यान्वयनमा आएको ७ वर्ष भइसक्यो न सरकार, न प्रदेशसभाले निजी क्षेत्रलाई खोजेको छ, समस्याहरु पर्दा हामीले सरकारलाई ज्ञापनपत्र दिन जानेबाहेक अरु बेला प्रदेश संरचनाको अनुभूति हामीलाई भएको छैन ।'

प्रदेशसभामा २०७८ असार १ गते दर्ता भएको प्रदेश वनसम्बन्धी ऐन सोही वर्षको कार्तिक १९ गते पारित भयो । सामुदायिक वन उपभोक्ता महासंघ र वैज्ञानिक वन व्यवस्थापन उपभोक्ता राष्ट्रिय महासंघ यो विधेयकका मुख्य सरोकारवाला हुन् ।

'हामीसँग एकपटक पनि बैठक नबसी छलफल नगरी ऐन बनाइयो, हामीले त्यसको अपनत्व लिएका छैनौ, मानेका छैनौं,' वैज्ञानिक वन व्यवस्थापन उपभोक्ता




राष्ट्रिय महासंघ लुम्बिनी प्रदेश अध्यक्ष रेनु सेनले भनिन्-'सरकारले एकतर्फी ढंगले बनाएको ऐनका करसम्बन्धी प्रावधानमा विरोध जनाउँदै हामीले सरकारलाई ज्ञापनपत्र बुझायौं, आन्दोलन गऱ्यौं, अहिले पनि हाम्रो आन्दोलन सकिएको छैन ।'

'उपभोक्ताले वर्षौंसम्म मेहनत र दुःख गरेर संरक्षण गरेको वनका काठ दाउरा उपभोक्तालाई बेच्दा हुने आम्दानीमा १० प्रतिशत कर लगाइनु न्यायोचित र व्यवहारिक छैन, यो संशोधन हुनुपर्छ,' सेनले भनिन्-'बाहिर बेच्दा हुने आम्दानीमा लगाइने २५ प्रतिशत कर पनि दुई पक्षबिचको छलफलबाट तय गरिनुपर्दथ्यो, त्यो नगर्दा त्यसमा पनि हाम्रो असहमति छ, यदि छलफल गरेर सहमतिमा गएको भए २५ को साटो ३० प्रतिशत पनि हुनसक्थ्यो, २० पनि हुनसक्थ्यो तर सरकारले हामीसँग छलफल नै गरेन, जुन गलत हो ।'

प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नति गर्न बनेको विधेयक २०७५ माघ १० गते प्रदेश सभामा दर्ता भई २०७६ बैशाख ८ गते पारित भयो । प्रदेशसभाको दोस्रो कार्यकालमा २०७९ चैत २३ गते यो विधेयकमाथि संशोधन गर्न बनेको विधेयक प्रदेशसभामा दर्ता भयो र २०८० साउन १२ गते पारित भयो ।

» बाँकी ३ पेजमा

## दुर्घटनामा गाउँपालिका उपाध्यक्षसहित तीनको मृत्यु

गुल्मी । बागलुङमा भएको गाडी दुर्घटनामा रुकुमपूर्वको पुथाउत्तरगंगा गाउँपालिका उपाध्यक्ष भुपेन्द्रा बुढासहित तीन जनाको मृत्यु भएको छ ।

काठमाडौंबाट रुकुम पूर्व जाँदै गरेको रा १ झ २०० नम्बरको सरकारी गाडी शुक्रबार बिहान पौने ९ बजेतिर बागलुङको गलकोट नगरपालिका वडा नम्बर २ भुङ्खानीमा दुर्घटना भएको थियो ।

बागलुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद सुवेदीका अनुसार दुर्घटनामा परी पुथाउत्तरगंगा गाउँपालिका उपाध्यक्ष भुपेन्द्रा बुढा, उपाध्यक्ष बुढाको आमा गोपीमाया बुढा, पुथाउत्तरगंगा गाउँपालिका वडा नं २ का अध्यक्ष जसबहादुर श्रीपालीको निधन भएको छ । चालक प्रेमबहादुर पुन घाइते भएका छन् ।

लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगरले तीन जनाको निधन भएको घटनाप्रति दुःख व्यक्त गरेका छन् । शोक विज्ञप्ति जारी गर्दै उनले दुःखद् घडीमा मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका छन् । साथै घाइतेको शीघ्रस्वास्थ्य लाभको कामना गरेका छन् ।

## खेलाडी पलेसालाई ६५ लाख पुरस्कार

बुटवल । सरकारले पेरिस पारा ओलम्पिक, २०२४ मा कास्य पदक विजेता पलेसा गोवर्धनसहित प्रशिक्षक र टिम व्यवस्थापकलाई पुरस्कृत गरेको छ ।

मन्त्रिपरिषद्को यही भदौ २० गतेको निर्णयबमोजिम पलेसालाई प्रधानमन्त्री केपी शर्मा ओलीले ६५ लाख पुरस्कार राशीमा कर नकटाइ पुरस्कृत गरिएको हो ।

यस्तै सो खेलका प्रशिक्षक कविराज नेगी लामालाई रु पाँच लाख ८५ हजार र टिम व्यवस्थापक रामचन्द्र श्रेष्ठलाई रु दुई लाख ९२ हजार पुरस्कारसहित सम्मान गरिएको छ ।

युवा तथा खेलकुद मन्त्रालयद्वारा प्रधानमन्त्री निवास, बालुवाटारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले खेलमा विजय हासिल गरेपछि खेल क्षेत्रको उत्साह कायम राख्न छिटो छिटो पुरस्कार दिने र राशीमा कर नकटाउने नीति लिइएको बताए ।

उनले आगामी विश्वस्तरका खेलमा नेपालले थप सफलता पाउने विश्वास व्यक्त गर्दै पलेसाले हासिल गरेको सफलता नेपालकै अहिलेसम्मको ठूलो पदक भएकाले देशले गौरव गरेको बताए ।

## लगानी बोर्डमा सुशिल ज्ञवाली

बुटवल । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीइओ) सुशील ज्ञवालीले पदभार ग्रहण गरेका छन् ।

उनले शुक्रबार बोर्डको कार्यालयमा आयोजित एक कार्यक्रमकाबिच पदभार ग्रहण गरेका हुन् ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई सीइओमा नियुक्त गर्ने निर्णय गरेको थियो ।

सरकारले २७ साउनमा खुला प्रतिस्पर्धाबाट सीइओ नियुक्त गर्न आवेदन मागेको थियो । यसरी आवेदन दिएकामध्ये अन्तिम ५ मा परेकाबाट ज्ञवालीलाई नियुक्त गरिएको हो ।

# कान्ति माविमा २१ शिक्षक नहुँदा पठनपाठन प्रभावित

**लुम्बिनी संवाददाता**
*बुटवल*

शैक्षिक सत्रको करिव आधा वर्ष हुँदा पनि बुटवलको कान्ति माविमा २१ जना शिक्षकको पद रिक्त हुँदा पठनपाठन प्रभावित बन्न पुगेको छ । विद्यालय व्यवस्थापन समिति गठन नहुँदा गत चैतमा शिक्षकहरुका लागि विज्ञापन गरिए पनि हालसम्म परीक्षा हुन सकेको छैन । शिक्षक नहुँदा विद्यार्थीहरुले विषयगत शिक्षकहरुको पूरा पढाइ पढ्नबाट वञ्चित हुन पुगेका छन् । समिति नहुँदा विद्यालयले संघीय सरकारले सुरु गर्न लागेको विज्ञान विषय प्रवर्द्धन योजनाका लागि योजना पेश गर्नसमेत सकेको छैन ।

सामुदायिक विद्यालयअन्तर्गत देशकै चौथो ठूलो ५ हजार ५ सय ५९ जना विद्यार्थीहरु रहेको विद्यालय व्यवस्थापन समिति गठनमा नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रको आ-आफ्नो स्वार्थ बाझिँदा विद्यालयको प्रशासनिक र शैक्षिक व्यवस्थापनमा धेरै समस्या परेको विद्यालय व्यवस्थापन समितिका एक पूर्व सदस्य बताउँछन् । झण्डै दुई दशकदेखि एमालेले अध्यक्षमा नेतृत्व गर्दै आएकोमा उक्त विद्यालयमा अहिले नेपाली कांग्रेस र माओवादी केन्द्र आफ्नो पार्टीले अध्यक्ष पाउनुपर्छ भन्ने अडान राख्दै आएका छन् ।

बुटवल उप-महानगरको नेतृत्व र वडाको नेतृत्व कांग्रेसले गरेको भन्दै यसपालि अध्यक्ष कांग्रेसले पाउनुपर्छ भन्ने अडान छ । उता एमालेले भने विगतदेखि नेतृत्व गर्दै आएकाले व्यवस्थापन समितिमा आफ्नो दलले नेतृत्व छोड्न नसक्ने दाबी छाडेको छैन । यता माओवादी केन्द्र भने दुई दलबिच भइरहेको खिचातानीमा मौन बसेर आफूले पनि नेतृत्व पाउनुपर्ने माग राखेको छ ।

गत जेठ १३ गते राजनीतिक दलका स्थानीय नेताहरुले विद्यालय व्यवस्थापन समिति गठनका लागि कार्यदल गठन गर्दासमेत हालसम्म कुनै ठोस प्रगति हुन सकेको छैन । कार्यदलमा कांग्रेसका तर्फबाट बुटवल उपमहानगरपालिका-४ का वडाध्यक्ष नरिश्वर शर्मा पौडेल, एमालेका तर्फबाट निवर्तमान वडाध्यक्ष टंक पराजुली र माओवादी केन्द्रकातर्फबाट वडा नम्बर ३ का अध्यक्ष विष्णु ढकाल रहेका छन् ।

बुटवलको नगर शिक्षा ऐन २०७४ अनुसार अभिभावकहरुले व्यवस्थापन समितिका चार जना सदस्यहरु कुनै पनि बेला चयन गर्न सक्ने उल्लेख गरिएको छ । तर दलहरुले अध्यक्षको टुङ्गो नलाग्दासम्म अभिभावकहरुलाई समितिका अन्य सदस्यहरु चयन गर्न रोक लगाएको स्रोतले बताएको छ । नियमसंगत तरिकाले अभिभावक भेला बोलाएर अभिभावकबाट नै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाएर विद्यालयलाई निकास दिनुपर्ने नेपाल अभिभावक संघ रुपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवालीले बताए ।

उनी भन्छन्-'दलहरुले विद्यालयलाई अनिर्णयको बन्दी बनाउन पाइँदैन, जो कान्ति मावि बनेको छ । शिक्षा नियमावली ऐन अनुसार अध्यक्ष बनाइनुपर्छ ।'

कान्ति माविमा हुँदै आएको दलहरुको स्वार्थले शिक्षालय क्षेत्र राजनीतिक अखडा बन्न पुगेको छ भने बालबालिकाहरुले स्वतन्त्र रुपमा पढ्न पाउनुपर्ने अधिकारको धज्जी उडाउँदै भविष्यमाथि खेलबाड गरिएको छ । ज्ञवालीले थपे, पछिल्लोसमय उच्च शिक्षा पढ्नका लागि विद्यार्थीहरु पलायन भइरहेका बेला नाम चलेका विद्यालयलाई दल घुसेर बर्बादी बनाउनु नेपालको शिक्षालाई ध्वस्त बनाउनु हो । सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा दलहरुले आफ्ना प्रतिनिधि पठाउन चाहनुको मुख्य कारण विद्यालयको आर्थिक स्रोत दोहन नै हो ।

विद्यालयमा भौतिक संरचना निर्माण जस्ता कार्यमा खर्च हुने ठूलो रकमबाट लाभ लिन सकिने लोभ प्रमुख कारण हुने गरेको शिक्षा क्षेत्रका स्थानीय जानकारहरुको भनाइ छ । त्यस बाहेक व्यवस्थापन समितिमा आफ्ना मान्छे राख्दा आफू निकटका शिक्षकको भर्ना र सरुवा गर्न सहज हुने र अभिभावकलाई प्रभावमा पारेर स्थानीयस्तरका अन्य निर्वाचनमा पनि लाभ लिने बाहेक शैक्षिक क्षेत्रको विकासमा चिन्तन नभएको जानकारहरुको भनाइ छ ।

विद्यालयका प्रधानाध्यापक गोविन्द ज्ञवालीले समस्या समाधानका लागि आफूले सकेको र जानेको प्रक्रिया पुऱ्याएर बुटवल उपमहानगरका नगरप्रमुख एवं नगर शिक्षा समितिका प्रमुख खेलराज पाण्डेयलाई पत्र बुझाइसकेको बताए । उनले भने-'उहाँहरुले केही गर्दै हुनुहुन्छ होला, मैले पछिल्लो जानकारी लिएको छैन । विद्यालयमा शिक्षकहरुको अभाव छ । त्यसलाई पूर्ति गरेर पठनपाठनलाई अझ नमूना बनाउने लक्ष्यमा बाधा पुगेको छ । प्रयास र प्रक्रियालाई निरन्तरता दिइराखेको छु ।'

शिक्षा विकास तथा समन्वय इकाइ रुपन्देहीका अनुसार समिति गठनमा विवाद हुनु र लामो समयदेखि शिक्षक आपूर्ति रोकिनुले विद्यार्थीहरुको अधिकार वञ्चित हुनुको साथै विद्यालयलाई राजनीतिक स्थल बनाउनु हुँदैन । शिक्षा ऐनअनुसार नै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चुनिनुपर्छ, कानुनभन्दा बाहिर गएर विद्यालयको गतिविधिलाई प्रभावित गराउनु कानुन विपरीत हुन्छ । दलहरुले विद्यालयमा राजनीतिक हस्तक्षेप गरेर आफ्ना बालबालिकाहरुलाई पढाउन पाउने अभिभावकको अधिकार खोसिरहेको अभिभावकहरुको गुनासो छ । कान्ति माविमा दलहरुको स्वार्थसिद्धले विद्यालयको पठनपाठन प्रभावित हुनुको साथै चरम राजनीतिकरण छाउनु विद्यालयको शिक्षा कमजोर हुन पुग्ने प्रवल सम्भवाना रहेको सामाजिक अगुवाहरु सुनाउँछन् ।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

तपाईंका लागि...

२०८१ भदौ २९, गते शनिबार

**बिट्विन द लाइन्स्...**

'महिलाको स्वाधीनतामाथि हस्तक्षेप गर्ने जनपदलाई जति छिटो रगतमा डुबाइदिन सकिन्छ उत्तिनै बेस हुन्छ।'

– अम्बपाली

आचार्य चतुरसेन लिखित 'वैशालीकी नगरवधू'बाट

# उहिलेका जिम्वाल–मुखिया, अहिलेका बैंकर !

**बैकुण्ठ पाण्डे**

सबै सिर्जना कालजयी हुँदैनन् । हजारौं सिर्जनामध्ये केही मात्र चीरकालसम्म सम्झन लायक हुन्छन् । तिनीहरूले पाठकको मन छोएर मात्र सान्दर्भिक लाग्न सक्छन् । समय सापेक्षता, मार्मिकता र सान्दर्भिकता पनि सापेक्षिक कुरा हुन जुन एक जनालाई निकै राम्रो लागेको कुरा अरुलाई कुरूप र वाहियात लाग्न पनि सक्छ । म राणाकालीन मुखिया हजुरबुबाको नाती भए पनि त्यति बेला प्रयोग हुने शब्दहरू देखि म अनभिज्ञ थिएँ । न मसँग हजुरबाकालिन शान रह्यो न वैभव नै ।तर पनि परिवारमा बेला बेलामा चर्चामा आउने गरेका 'ठेकी', 'बेठी' र 'स्याज' जस्ता शब्दहरूले मलाई आकर्षित गरेको हुनु पर्दछ । अनि म एक राजनीतिक अर्थशास्त्रको विद्यार्थी भएको कारण यो विषयले मलाई अलि बढी छोयो । त्यसकारण मेरो वस्तुगत धरातलको सापेक्षतामा यो 'साहु' कविताप्रति म आकर्षित हुन पुगें ।

आर्थिक क्षेत्रको ज्ञाता नभए पनि वरिष्ठ लेखक तथा पत्रकार अर्जुन ज्ञवाली (तलोत्तमा, रूपन्देही) ले नेपालको बैंकिङ क्षेत्रलाई यति मजाले नियाल्नु भएको रहेछ कि उहाँका शब्द शब्दमा एक कुशल शिल्प झल्किएको पाउन सकिन्छ । त्यो शिल्पले फगत काव्यिक कल्पना जगतमा लालित्यता नथपेर नेपालको राणाकालीकन समाजमा विद्यमान जिम्वाल र मुखिया प्रथादेखि नेपाली समाजमा कसरी परम्परागत बैंकिङ सेवाहरू उपलब्ध हुँदै आएका थिए र तिनीहरूबाट जनतालाई कसरी शोषण भएको थियो भन्ने कुरा निकै मार्मिक प्रस्तुत गरिएको छ । नेपाली बैंकिङ क्षेत्रले परम्परागत बैंकिङ अभ्यासमा नयाँ आयाम थप्दै आफूलाई परिवर्तित रूपमा प्रस्तुत गरिराखेका छन् तर मूलभूत रूपमा शोषणको स्वरूप मात्र परिवर्तन भएको छ भन्ने कुरालाई ज्ञवाली जीको 'साहु' कविताले प्रष्ट पारेको छ ।

करिब १० वर्ष अघि एक स्थानीय संस्थागत स्मारिकामा छापिएको सो कविताको स्क्रिन सट समेत उपलब्ध गराएर मलाई सो कविता आम पाठक समक्ष पुऱ्याउन सहयोग गर्नु भएकोमा म उहाँप्रति आभार व्यक्त गर्न चाहन्छु ।

**यस्तो छ 'साहु' शीर्षकको कविता**

उहिले
बाजेका पाला
मेरा बा का पनि पाला
जुन साहुहरू हुन्थे
गर गहना राखेर
घर जग्गा डिक राखेर
आसामी लाउँथे ।
त्यसो गर्दा
त्यस खाले कागज पत्र बनाउँदा
उनीहरू केही अतिरिक्त पैसा लिन्थे
त्यसलाई उनीहरू 'ठेकी' भन्थे ।
ती साहुहरू
आसामीले भाकामा पैसा तिरेन भने
आसामीसँग त्यस्तै अर्को अतिरिक्त पैसा लिन्थे ।
त्यति खेर रेला–देला पैसा हुँदैनथ्यो
त्यस कारण
श्रमको रूपमा अतिरिक्त काम लिन्थे
त्यसलाई उनीहरू 'बेठी' भन्थे ।
त्यस्तै
आसामीले भाका रिन तिरेन भने
ब्याजलाई साउँमा जोड्थे
अनि
ब्याजको पनि ब्याज लिन्थे
त्यसलाई उनीहरू 'स्याज' भन्थे ।
अहिले,
हाम्रा पाला पनि
साहूहरू छन् ।
गर-गहना अडना राखेर
घरजग्गा डिक राखेर
आसामी अगाउँछन् ।
त्यसो गर्दा,
त्यस खाले कागज बनाउँदा
यिनीहरू पनि अतिरिक्त पैसा लिन्छन् ।
फरक यत्ति हो कि
यिनीहरू 'ठेकी' भनेर होइन
सेवा शुल्क भनेर लिन्छन् ।
आजका साहूहरू पनि
आसामीले मौकामा पैसा तिरेन भने
आसामीसँग त्यस्तै अर्को अतिरिक्त पैसा लिन्छन् ।
रेला–देला पैसा छन्
त्यस कारण
यिनीहरूश्रमको 'बेठी' नलिएर
नगदै 'हर्जना' लिन्छन्
त्यस्तै,
आजका साहूहरू पनि
आसामीले मौकामा रिन तिर्न सकेन भने
ब्याजलाई साउँमा जोड्छन्
अनि ब्याजको पनि ब्याज लिन्छन् ।
फरक यत्ति हो कि
उनीहरू ब्याजको व्याजलाई स्याज भन्थे
यिनीहरू चाहीँ पुँजीकरण भन्छन् ।

कूल मिलाएर भन्नु पर्दा यत्ति फरक हो कि
उतिखेरका-
'ठेकी' लिने
'बेठी' लिने
ब्याजको स्याज लिने साहूहरू
फटाहा मानिन्थ्ये, दुर्जन मानिन्थे ।
अहिलेका –
'ठेकी'को सट्टा सेवा शुल्क लिने
'बेठी'को सट्टा हर्जना लिने
स्याजको सट्टा पूँजीकरण गर्ने साहुहरू
सभ्य, सज्जन 'बैंकर्स' मानिन्छन् ।

**समीक्षा**

वर्तमान भूमण्डलीकृत विश्वमा वित्तीय पुँजीले विश्वलाई आफ्नो प्रभावमा पारिराखेको छ । नवउदारवादले विश्वमा वस्तु उत्पादनबाट भन्दा पनि वित्तीय पुँजीको अत्यधिक प्रयोगबाट नाफा केन्द्रित गर्ने, त्यो नाफाबाट नीतिगत रूपमा राजनीतिलाई आफ्नो नियन्त्रणमा राख्ने र त्यो गर्ने वैधानिक साधनको रूपमा बैंकिङ क्षेत्रलाई प्रयोग गर्ने नीति व्यापक रूपमा प्रयोग भइराखेको छ ।

यसको निम्ति आईएमएफ र वर्ल्डबैंकलाई अगाडि सारिएको छ । असमानता मापक संस्था 'अक्सफाम' को पछिल्लो रिपोर्टअनुसार विश्वका ५ जना धनाढ्यको सम्पत्ति विगत २ वर्षमा ६१ करोड डलरबाट बढेर १३० करोड डलर पुगेको छ । उता विगत २ वर्षमा ८० करोड कामदारको आम्दानी २३० करोड डलरले घट्न पुगेको छ ।

३ जना धनाढ्य अष्ट्रेलियनहरूको आम्दानी प्रतिघण्टा १५ लाख डलर छ भने ५० लाख मानिसहरू कठीन आर्थिक संकटबाट गुज्रिरहेका छन् । अतः वित्तीय पुँजीवादले निम्त्याउने भनेको गरिबी र असमानता नै हो । यो अवस्था नेपालमा पनि छ । विकृत पुँजीवाद र त्यसले निम्त्याउने क्रोनि क्यापिटलिजम र दलाल पुँजीवादले नेपालको नीति निर्माण तहसम्म कति बलियो प्रभाव पारेको रहेछ भन्ने कुरा विद्युत महसुलकाण्ड, यति, ओम्निलगायतका काण्डहरूबाट प्रष्ट हुन्छ ।संरचनागत रूपमा बैंकिङ क्षेत्रलाई प्रशस्त नाफामा लैजान सकिने गरी नीति नियम र निर्देशनहरू संसारभरी नै जारी गरिन्छ । जनताको बचतबाट चल्ने भएको कारण बैंकहरू सुरक्षित रहनु पर्छ नै त्यहाँसम्म त ठीक छ तर बचतकर्ता वा ऋणीको आर्थिक रूपान्तरणमा भयो । कि बैंकहरूको मात्र भयो भन्ने प्रश्न निकै पेचिलो बनेको छ । बैंकिङ क्षेत्रको साथै उत्पादनमुलक क्षेत्र हुँदै समग्र अर्थतन्त्रको आर्थिक वृद्धिले समग्र अर्थतन्त्रमा सकारात्मक भाव सम्प्रेषण गर्दछ ।

अत्यधिक बैंकहरू र केही सीमित व्यापारिक घरानाहरूको मात्र उत्थानबाट नेपालमा नवपुँजीवादले दह्रो जरा गाडेको संकेत मिल्दछ । तर यहाँ नेर सम्झनु पर्ने कुरा के छ भने नेपाल एक समाजवाद उन्मुख देश हो । जबकी नवउदारवाद र समाजवाद उन्मुखताबीच कहीँ कतै मिलन बिन्दु देखिँदैन ।

प्रस्तुत कविताले नेपालका आधुनिक बैंकहरू राणाकालीन साहूकारहरूको पछिल्लो संस्करण हो भनेको छ । मुखिया र जिमुवालहरू राणा सरकारका कर संकलक थिए । तर उनीहरूले जनताबाट तोकिए बमोजिमका कर उठाएर सरकारमा दाखिला गरेवापत निश्चित पारिश्रमिक तोकिनुको कारण उनीहरू धनाढ्यमा रूपान्तरण हुँदै गए । आफ्नो नगद रकम जनतालाई सापटी दिए बापत ठेकी, बेठी, ब्याज र स्याज उठाउँदै जाँदा जिमुवाल र मुखियाहरूको आर्थिक हैसियत निकै माथि हुन पुग्यो भने गरिब जनताहरू झन्झन् गरिब हुँदै गए । यसैकारण राणाशासन निकै अलोकप्रिय भयो ।

तर, त्यसरी नै कर्जा सापटी दिए बापत ठेकी, बेठी र स्याज (सेवा शुल्क, हर्जाना, पुँजीकरण) खाने आधुनिक बैंकहरू कसरी सज्जन भए भन्ने प्रश्न ज्ञवाली जी को हो । यसको जवाफ त नेपाल राष्ट्र बैंक र नीति निर्माताहरूले नै दिन सक्लान् तर यो विश्वव्यापी आधुनिक बैंकिङ प्रणालीसँग जोडिएर आएको विषय हो ।एक सामान्य नागरिकले पनि शोषणको नयाँ स्वरूपको रूपमा प्रश्न उठाउन सक्ने गरी बनेको बैंकिङ तथा वित्तिय संरचनालाई अझ बढी रोजगारी, व्यवसाय विस्तार, उत्पादनमा प्रोत्साहन, तालिम तथा अनुसन्धानतर्फ उन्मुख गर्न सकियो भने कालान्तरमा यस्ता प्रश्नहरूले स्वतः जवाफ पाउने छन् भन्न सकिन्छ ।

(त्रिभूवन विश्वविद्यालयका उप-प्राध्यापक बैकुण्ठ पाण्डे राजनीतिक अर्थशास्त्रमा विद्यावारिधी गरिरहेका छन् ।)

**नियात्रा**

# एक दशक पहिलेको पश्चिमको यात्रा



**रामचन्द्र श्रेष्ठ**

२०७० बैशाख १९ । साँझको चार बज्न आँटेको छ । बसको झ्यालतर्फ बसेकि महिलाले मलाई बिस्कुट खान आग्रह गर्दा तिनाउको लामो पुल कट्नै लागेको छ । हतारको तनाव मबाट बिस्तारै मत्थर हुँदैछ । ती दिदीको आग्रह नकार्न नसकेर दुई टुक्रा बिस्कुट लिन्छु र हातको चिसो पिउन थाल्छु । यसपाली पनि हतारमै यात्रामा निस्किए म । खुद्रा मसिना काममा अल्झदाँ-अल्झँदै समय चिप्लिएको पत्तै भएन । प्लेटमा नानुले पस्किएको नास्ता पनि छाडेर बसपार्क आउँदा बस छुट्नै आँटेको थियो । लक्ष्मण र गणेशले नेपालगञ्ज रोडको पेट्रोल पम्पसम्म साइकल कुँदाएर आए । क्यामेराको ब्याट्री त ल्याएँ तर क्यामेरा बनिसकेको थिएन । बिग्रीएको क्यामेरा मेकानिकले वाचा गरेको समयमा बनाएको थिएन । अब गोरुसिंगेबाट विजयलाई भेटेर क्यामेरा लिनुछ । एक थप तनाव मेरो मनमा बाँकी नै छ । प्यास लागेको थियो र गर्मी पनि भएको थियो । साथीहरुले चिसो त पुऱ्याइदिए तर बिस्कुट पुऱ्याउन पाएनन् । बस हिडिहाल्यो । मेरो बिस्कुटको मागलाई छेउकि दिदीले पुरा गर्न खोज्दैथिइन् । तर म उनको बिस्कुट सिध्याइदिन चाहन्न भोक लागेता पनि ।

झ्याल तिर ती दिदी छिन्, भालुवाङ्ग उनको गन्तव्य । अर्थात् भालुवाङ्गसम्म झ्यालमा बस्ने मेरा रहरहरु अधुरै रहने भए । मेरो मोबाइलबाट ती दिदीले घरमा सम्पर्क गर्छिन् । उनको ओइलाएको अनुहार र बलजफ्ती बिस्कुट चपाएको दृश्यले म कारण खोज्न थाल्छु । भैरहवाको मेडिकल कलेजबाट आफ्नो मामालाई गोरखपुरको अस्पतालमा रिफर गरेर फर्केकि रहिछिन् । शायद मामाको जीवनको झिनो आशाले होला अहिले उनको अनुहार मुर्झाएको छ । बाटोको छेउमा गुलमोहर फुलेको छ तर त्यसको सुन्दरताले उनको मनमा कुनै प्रभाव जमाएको छैन । आखिर सुखको अनुभूति पनि मनको एक लहर नै त रहेछ ।

बस गुडिरहेछ । झ्यालतर्फ नपरेकोले बाहिरको दृश्यावलोकन गर्नबाट बञ्चित छु । बी साइडको दोस्रो सीट हो मेरो, सम्मुखमा ढोका पर्छ । ढोकामा कण्डक्टर झुण्डिरहेछन् । ड्राइभरको कक्षमा जाने ढोकामा हाफ पान्इट लगाएका एक मानिस छन् । उनको छेउमै छन् सारङ्गी बोकेका एक गायक दाइ । मनोरञ्जन प्रदान गरेकाले दुई चार रुपियाँ आश गर्छन्, उनी । हामी केही दिन्छौँ । हाफ पान्इट लगाएका व्यक्तिले अलि धेरै रकम दिन्छन् र फर्माइस गर्न थाल्छन् गीतहरुको ।

'घामले पनि पोल्छ जुनले चिसो हुन्छ मैले तिमीलाई सम्झिरहेछु...' छेउ न पुच्छरको चल्तीको एक लोकगीत गाउँछन्, गायक दाइ । गीतको तालले मलाई हाँसो उठाउँछ । सम्झन्छु, एक लेखमा पारीजातले प्रश्न उठाएकि थिइन् लोकगीत कसलाई भन्ने ? के दोहोरी नै लोकगीत हो ? जनताको गीत पो लोक गीत हो । तर आजकाल भनिने लोकगीतले लोकको कत्तिको चित्रण गरेको छ ? म सोच्दै छु, तर बसमा एक फरक माहोल सिर्जना भइसकेको छ । केही यात्रुले गीतसँगै हुटिङ्ग सुरु गरिसकेका छन् । एक्कासी ब्रेक । ब्रेक लाग्छ चलेको माहोलमा । 'यस्तो होइन अलि फरक गीत गाउँ ।' हाफ पाइन्ट वाला दाइले माहोलमा ब्रेक लगाइदिन्छन् । म उनलाई नियालेर हेर्छु । असाधारण रुपमा उनको नाक चुच्चो परेको छ । मैले यस्तो चुच्चो नाक भएको मान्छे शायदै देखेहुँला । नाक चुच्चे दाइको फर्माइस छ, "यस्तो गीत गाउ आँखाबाट तरक्क आँसु आउस् ।" गायक दाईको सारङ्गीले फरक धुन रेट्न थाल्छ । गीतको आशय छ किन जान्छौ विदेश, गर मिहिनेत आफ्नै खेतमा । हो, अब साँच्चै शुरु भएको छ लोकको गीत । गीतको शब्द र सारङ्गीको विरही धुनले बसको आयतन मन्द पारेको छ । नाक चुच्चे दाइ आँखा बन्द गरेर गीतको गहिराइमा डुबेकाछन् । साँच्चै उनको आँखाबाट आँसु झर्न थाल्छ कि क्या हो ?

मेरा आँखा पनि बन्द हुन्छ । सारङ्गीको धुनसँगै स्मृतीका लहरहरु सिर्जना हुन्छन् मनमा । कता-कता गुञ्जन थाल्छ पुरानो धुन, पुरानो आवाज ।

"आमा रुँदै गाउँबेसी मेलैमा
छोरा रुँदै गोरखपुरमा रेलैमा..."

स्कुल जाने बाटोमा ठूलो पहिरो छ, हामीले नामै ठूलो पहिरो राखेका छौं । ठूलो पहिरो नजिकै एउटा घर छ । घरमा प्रायः एक युवक ठूलो स्वरले गीत गाउँछ आमा रुँदै गाउँबेसी मेलैमा...। मान्छेहरु भन्छन् धेरै पढेर बौलाएको हो । धेरै पछि थाहा पाएँ धेरै पढेर कोही बौलाउँदैन । त के भएको थियो उसलाई ? अब यो प्रश्न समयको गर्भमा हराइसकेको छ । तर उसले गाउने गीत अझैँ पनि गुञ्जिन्छ । आमा रुँदै गाउँबेसी मेलैमा...। जीवन आखिर आँसु बन्न विवश छ । आमा बेसीमा आँसु बगाउँदैछिन् । छोरा गोरखपुरको रेलमा । आज दृश्य फरक होला । गोरखपुरको रेलको ठाउँमा कतार, दुबई, अरबको जहाज होला । तर आँसु त आज पनि छ । आज पनि यथार्थ छ गीतको आशय । ह्वैन हामीले कहिले सम्म गाउने हो यो गीत ? शायद नेपाली गीत संगीतमा लाहुरले निकै स्पेस ओगटेको छ । सम्झदै जान्छु गीतका शब्दहरु ।

"लाहुरे आज घर फर्क्यो नाँची नाँची रमायो, कान्छीसँग बिहे गर्न सुनको सिक्री कमायो....."

"लाहुरे दाइ छुट्टिमा आको हाँसौ खेलौ मौकाले भेट भाको..."

लाहुरेहरुले सपनाको प्रचार गरेका छन् । लाहुरेहरुको पैसा, रेडियो, घडी र अच्छा लेकिनुले गाउँमा साँच्चै आकर्षण पैदा गरेको थियो । छोरी कसलाई दिने ? लाहुरेलाई । घर कसको राम्रो ? लाहुरेको । लाहुरेको कमाइ, लाहुरेको रवाफ, लाहुरेले गर्ने लाहुरका चर्चा, लाहुरेले छर्ने लाहुरका सपना । 'म पनि लाहुरे बन्ने हो' अलि बलिया भन्ने केटाहरु यही सपना बोक्थे । तर म लाहुरे बन्ने कहिल्यै चाहना राखिन किनभने मैले लाहुरेको आँसु पनि देखेको थिए । कार्गिलको लडाई चलेको थियो । नेपाली गोर्खाहरुको मृत्युको खबर पत्रिकामा पढेको थिए । त्रसित हजुरआमाको आँखा पढेको थिए । किनभने मेरा तीन भाई बुवाहरु लाहुरे हुन् । 'कार्गिलको लडाईमा....' रेडियोमा गीत बज्दाँ हजुरआमाका आँखा बगिसक्थे । "नमुछे आमा दहिमा टिका, नछरे जमरा..." सुन्दा मेरो हजुरबुवा पनि मौन हुन्थे । म लाहुरे बन्दिन । मैले कसम खाएँ । म विदेश जाँन्न मैले प्रतीज्ञा गरें । "फोकल्याण्डको टापुबाट, लडाईको मैदानबाट लेखिरहेछु चिठ्ठी तीमीलाई....." बच्चैमा सुनेको थिए ।

नजाउँ परदेश....। गायक दाइ गाइरहेछन् । बस गुडिरहेछ । स्मृतिको तन्द्राबाट फुत्की नसक्दा साँच्चै नाक चुच्चे दाई आँसु बगाइसकेका थिए ।

फुटकर रुपैयाँको अभावले गर्दा मैले पानी र खानेकुरा किन्न सकिन । कण्डक्टरसँग साट्ने अनुरोध गरेको पनि केही समय भइसकेको थियो । समय धेरै बितीसकेको थियो । बुटवलबाट बस छुटेको पाँच घण्टा भइसकेको थियो । लाग्थ्यो बस गुडेको छैन घस्रेको छ । भालुवाङ्ग पुग्दा बत्ती बलिसकेको थियो ।

"मकै लिनोस्, मकै, मकै......" झ्यालबाट बाहिर हेरे दुई केटीहरु मकै बेच्दै थिए । अनुमान गरे दिदी त्यस्तै दश/एघार वर्षकि होली र बहिनी सात/आठ वर्षकि । एक यात्रुले ताजा र ताता मकै किनें र नुन मागे । 'पख्नोस् है' भन्दै बहिनी खुर्र दौडिइ । ग्राहकको मन जित्न उ आतुर थिई । उनीहरुमा ताजा जोश थियो । उमंग र उत्साहले भरिएका थिए । मैले शहरका मध्यम वर्गका केटाकेटी सम्झिए । उनीहरु साइबरमा बसेर कम्प्युटरमा गेम खेल्छन् । झोला पनि आमाहरुले नै बोकिदिन्छन् । जीवनको उकाली ओराली, तीतो पिरोबारे उनीहरुसँग कुनै अनुभव हुँदैन । मान्छेहरुको स्वभाव र मनोविज्ञानको प्रभाव जती यी केटीहरुले बुझेका छन् त्यसको एक अंश पनि उनीहरुले शायदै बुझे होलान् । म सम्झन्छु हाट बजारमा प्लाष्टिक बेच्ने केटाकेटीहरुलाई । उनीहरुको चलाखी, चतुऱ्याईलाई । खाली हात आएको मान्छे कसरी चिन्छन् उनीहरु । एकजनालाई बेचिसकेपछि अर्कोलाई बेच्न दौडिन्छन् र त्यो भिडमा पनि अघिल्लोसँग पैसा लिन आइपुग्छन् । के त्यो स्मरणशक्ति बलियो होइन ? कती उत्साहित र जाँगरिलो जीवन जिउँछन् उनीहरु । शायद बालअधिकार अनुसार यसरी कम उमेरमा आर्थिक उपार्जनको काम गर्न नपाउन पर्ने हो । तर, यसरी उनीहरुले हासिल गर्ने व्यवहारिक शिक्षालाई हाम्रो शिक्षा प्रणालीमा कसरी समेट्ने भन्ने चिन्तनको आवश्यकता पर्दैन र ? श्रमलाई माया गर्न यी केटाकेटीले जत्ति सिक्छन् त्यती महङ्गो शुल्क तिरेर बंगालामा पढ्ने केटाकेटीले कहिल्यै सिक्दैनन् । रात पऱ्यो । मलाई अत्यास लाग्न थाल्यो । पुग्नु छ बर्दियाको बाँसगढी । पहिले कहिल्यै गएको छैन । झर्ने कहाँ हो निश्चित छैन । रातको कतीबेला पुऱ्याइदिने हो पत्तो छैन । फोन लगाउँछु टावर टिप्दैन । प्रविधि आफैमा समस्या बनिदिन्छ । भन्छन्, नहुँदा जे चिजले सताउँछ भए पछि त्यसैले रुवाउँछ । मनमनै हाँसीदिन्छु, आफ्नै विवशता माथि ।

लमैको 'एस एण्ड डी सी' होटलमा बसले ब्रेक लगाउँदा नौ बज्न थालेको छ । खाना खान टेबल ओगट्छु । म एक्लै छु र लगभग टेबल रित्तो छ किनकि हाम्रो बसमा यात्रु थोरै थिए । खाना बन्दैछ त्यसैले विश्रामको समय प्रशस्तै छ । पल्लो पंक्तिको अन्तिम टेबलमा एक जोडि युवक-युवती सुस्त-सुस्त कुरा गर्दै मुस्काइरहेछन् । मेरो सीट पछाडिका यिनीहरुको अनुहार हेर्ने मन थियो मलाई । बसभरि कुरा गरेर हैरान पारेका थिए । कुराको तालले लाग्थ्यो कुनै एनजिओका हुन् । र यिनीहरुको घनिष्ठता पुरानो होइन, शायद यही यात्रा नै घनिष्ठताका माध्यम हो कि ?

'नलजाई खानोस्न् ।' मैले कम खाना लिएको देखेर होटलका बा भन्छन् । म मुस्काईदिन्छु । 'सके तँ खाएरै हैरान पार्ने थिए तिमीलाई' मनमनै भन्छु म । सादा खानाको एक सय बीस भन्छ । चिसो हावा चल्न थाल्यो । बसको वुफरको गीतमा म झकाउन खोज्दै थिए बस रोकियो ।

'के भो ?' बस बिग्रियो भन्ने आशंकाले सोध्छु ।

'तपाईहरु अब अर्को बसमा जाने ।' कण्डक्टरको आदेश आउँछ । जंगलमा बस रोकेको छ । अगाडिको बस त्यसै खचाखच छ । त्यसमा हामी थपिने हो । रीस उठेर आउँछ । तर निद्राले गर्दा बोल्ने जाँगर लाग्दैन । 'हामी मान्दैनौ ।' एक व्यक्ति भन्छन् । हामीले सही थाप्छौं । बीस मिनेट जत्ति गलफत्ती हुन्छ । आखिर हामी अर्को बसको सानो आयतनमा च्यापिन विवश हुन्छौं । नेपालको यातायातमा केही बस व्यवसायीको सिडिण्केटको प्रभाव हो यो । जे गरे पनि भयो । बजार कब्जामा जो छ ।

'यस्तै रहेछ यहाँको चलन...' ।

"ह्या । खुट्टा गल्यो ।" जबरजस्तै मसँग च्यापिएकी एनजिओवाला युवती भन्छिन् र भुईमा थचक्क बस्छिन् । एउटा सीटको आडमा म उभिरहेछु । खुट्टा त मेरो पनि गलिसकेको छ । लगभग तीन घण्टा अझै यही भोग्नुछ । निद्राले च्यापेको छ । भुईमा झोला राख्छु र थचक्क बसेर निदाउन खोज्छु ।

बाँसगढी भन्दा एक किमी वर बसबाट ओर्लदा रातको दुई बजाइसकेको थियो । आज म लगभग एघार घण्टा यात्रा गरे । मलाई लिन जनक र मनोज आउनुभएको थियो । यो रातमा मेरो प्रतीक्षामा उहाँहरु पनि थाक्नुभएको थियो ।

"चिया खाउँ न, यहाँ पाँइदैन ?" बसबाट ओर्लदा नओर्लदै मेरो चियाको तलतल बढिसकेको थियो । "यत्तिबेला अब भोली, यो बुटवल होइन ।" जनकजीको जवाफ पाउँदा म गम्दै थिए राजमार्गमा पनि किन चिया नहोला ? यसको जवाफ भोली मात्र पाएँ ।

भाले बास्यो । ह्याण्ड पाइप चलाएको आवाज आयो । नारी स्वर सुनियो । आँखा खोल्दा उज्यालोले मलाई जिस्काइरहेको थियो ।

झुलबाट निस्केर हेर्दा म छक्क परें । म सुतेको घर ठूलो थियो तर कोठा थिएनन् । त्यही क्षेत्रफलमै घरका नारी सदस्य पनि सुतेका रहेछन् । भान्सामा के हो कुन्नि झ्वाईय पारेको आवाज पनि आउँदै थियो । तर केही देखिदैनथ्यो । कारण धान राख्ने स्थानिय भकारी (जसलाई चलनचल्तमा 'डेहरी' भनिन्छ)ले सिंगो घरलाई कोठा-कोठामा बाँडेको थियो । म सुतेको कोठाको दायाँ र बायाँ दुई/दुईवटा डेहरी थियो । यी डेहरीहरु माटो र भुसले बनाएको हुन्छ । यो पुरानो तरिका हो । बीचमा फुकेको र माथि टम्म ढाकिएको आकारका यी डेहरीहरु धान मात्र नभएर अन्य खाद्य पदार्थ सञ्चय गर्ने भकारी हुन् ।

» बाँकी ३ पेजमा

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४

**कानुनु...**

निजी अस्पतालको प्रदेशस्तरीय छाता संस्थाका नेतृत्वकर्ता गोबिन्द खनालले विधेयकमा दुई पटकसम्म सरोकारवालासँग छलफल भएको तर मुख्य चासोको विषयमा दिएको सुझाव नसमेटी कानुन बनेको बताए। विधेयकमा २५ बेडसम्मको अस्पताललाई आफ्नै जग्गा र आफ्नै भवनमा अस्पताल हुनुपर्ने, सय बेड को अस्पतालका लागि १६ कठ्ठा जग्गा हुनुपर्ने प्रावधान अव्यवहारिक भएको भन्दै निजी अस्पताल सञ्चालकहरुले भाडाको जग्गा वा घर लिजमा लिएर पनि चलाउन पाउनुपर्ने सुझाव दिएका थिए । यस्तै जग्गा महँगो र नपाइने भएकाले १६ कठ्ठाभन्दा कम जग्गा भए पनि मापदण्डअनुसारको बहुतले भवनमा अस्पताल सञ्चालन गर्न पाउनुपर्ने सुझाव दिए पनि त्यसलाई लत्याएर कानुन बनेको खनालले बताए।

'निजी क्षेत्रलाई अप्ठेरोमा पार्ने हिसाबले कानुन बनाइयो, यसमा हाम्रो असहमति छ, सरोकारवालाको सुझावअनुसार ऐन संशोधन हुनुपर्छ ।'- खनालले भने ।

२०७५ पुस ३ गते सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दर्ता भयो । यसअघि कानून निर्माण प्रकृयामा खासै सक्रिय सहभागिता नजनाउने सांसदहरु एकाएक सक्रिय भए।

सहकारीहरुलाई राजनीतिमुक्त बनाउने उद्देश्यले विधेयकमा राजनीतिक दलका विभिन्न कमिटीमा रहेका पदाधिकारीहरु सहकारी संस्थाको सञ्चालक बन्न नपाइनेलगायत प्रावधानहरु विधेयकमा राखिएको थियो। त्यो प्रावधान सहजै पारित भएमा सहकारीमा दलका नेता कार्यकर्ताको हालीमुहाली नहुने संकेत पाएपछि सांसदहरुले संशोधन प्रस्ताव दर्ता गरे।

सत्ता पक्ष र प्रतिपक्षका १० जना सांसदहरुले ७ वटा संशोधन दर्ता गरे। अधिकांश सांसदको संशोधन प्रस्तावमा सहकारीका सञ्चालकमा दलका नेता कार्यकर्ता बस्न पाउनुपर्ने प्रावधान थप्न खोजिएको थियो।

सांसदहरुले सहकारीको पूँजीमा नभई बचतमा मात्र कर लगाउनुपर्ने, निक्षेपको ५० प्रतिशतसम्म उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने, बचत तथा ऋण र अन्य विषयगत सहकारीलाई एउटै कर लगाउन नहुने जस्ता विषयमा पनि संशोधन प्रस्ताव दर्ता गराएका थिए।

**संघको फोटोकपी कानुन बने**

'सरोकारवाला पक्षसँग पर्याप्त छलफल नगरी, गरे पनि औपचारिकताका लागि गरेर संघको कानुन करिब करिब दुरुस्तै कानून बनाइयो,' प्रदेश बचत तथा ऋण सहकारी संघ लुम्बिनीका सञ्चालक सदस्य भरत भूसालले भने-'सरोकारवाला पक्षसँग पर्याप्त छलफल गरेर हाम्रा सुझाव समेटेर कानुन बनेको भए सहकारीमा यति धेरै संकट र समस्याहरु आउने थिएन।'

विद्यमान कानुनमा आम्दानीको ३० प्रतिशत अनिवार्य कृषिमा लगानी गर्नुपर्ने प्रावधान शहरी क्षेत्रका सहकारीलाई व्यवहारिक र लागू नहुने खालको रहेको र करको विषयमा पनि सरोकारवालाको असहमति रहेको भुसालले बताए। प्रदेशमा बचत तथा ऋण सहकारी दर्ता रोकेर बहुउद्देश्यीयलाई खुकुलो प्रावधानमा स्थापना गर्न पाउने कानून बन्दा समस्या निम्तिएको भुसालले औंल्याए।

सहकारी ऐनमा अनुगमनको पक्ष बलियो र प्रभावकारी हुने गरी प्रावधानहरु समेट्नुपर्नेमा त्यसो हुन नसक्दा अनुगमन हुन नसकेको र भए पनि झाराटराई मात्र भएको भुसालले औंल्याए।

सहकारीमा करको दर नभई दायरा बढाएर कानुन बन्नुपर्नेमा त्यो हुन नसकेको र कर छल्न अनेक उपाय अपनाउँदा पनि समस्या आएको उनले औंल्याए।

छिटो कानून संशोधन गरेर सहकारी प्रवर्द्धन कोषमा जम्मा हुने तीनै तहका सरकारको रकम एउटै बास्केटमा जम्मा गरेर त्यही पैसा खर्च गरी सहकारीको प्रभावकारी अनुगमन गरी थप समस्या आउन नदिनेतर्फ ढिला गर्न नहुने भुसालको सुझाव छ। अहिले उक्त कोषमा जम्मा भएको ठूलो मात्राको रकम खर्च हुन सकेको छैन।

प्रदेश सभाको दोस्रो कार्यकालमा पेश भएको स्थानीय तह निजामती कर्मचारी सम्बन्धी विधेयकमा पनि सहकारी विधेयकमा १८ जना सांसदबाट २९ वटा संशोधन प्रस्ताव आए तर ती संशोधन आम नागरिकका सरोकारसँग सम्बन्धित थिएनन् । अपवादलाई छाडेर अधिकांश संशोधन कर्मचारीहरुले सांसदलाई हाल्न लगाएर आएका थिए।

प्रदेशसभाकी एक सांसदले भनिन्-'कतिपय माननीय ज्यूहरुलाई आफूले कुन विषयमा किन संशोधन हालेको हो र यसले प्रदेशवासीलाई के फाइदा वा लाभ हुन्छ भन्नेसम्म थाहा हुँदैन, संशोधन हालिसकेपछि बल्ल चाल पाउनुहुन्छ।'

ती सांसदका अनुसार कतिपय सांसदले आफ्नो विवेकले प्रदेश र प्रदेशवासीको दीर्घकालीन हित हुने गरी कुनै विधेयकमा संशोधन हाल्दा दलका नेताहरु रिसाएर यस्तो विषयमा किन संशोधन हालेको भन्दै फिर्ता लिन दबाव दिने गरेको समेत खुलाइन्।

कानुनमा दख्खल भएकी नेपाली कांग्रेस संसदीय दलकी सचेतक निमा गिरीले अधिकांश सांसदहरुमा कानुन निर्माण प्रकृयासम्बन्धी कानुनी ज्ञानको कमीका कारण विधेयकमाथि संशोधन नै नहाल्ले र कानुन निर्माण प्रकृयामा चासो नदिने गरेको स्वीकार गरिन्। सचेतक गिरीका अनुसार विधेयकको विषयवस्तु बुझेर संशोधन हाल्ने सांसदहरु निकै थोरै छन्।

मुलुक संघीय संरचनामा गएपछि प्रादेशिक तहको संरचना नयाँ अभ्यास र प्रयोग थियो। लुम्बिनी प्रदेशसभाको पहिलो ५ वर्षे कार्यकाल र दोस्रोसभाको २ वर्षमा बनेका कानुन निर्माण प्रकृया हेर्दा सरोकारवालासँग जसरी पर्याप्त छलफल गर्ने र उनीहरुका जायज सुझावलाई समेटेर कानुनलाई अन्तिम रुप दिनुपर्ने हो, त्यस्तो भएको छैन।

नेकपा एमालेका सांसद एवं आन्तरिक मामिला तथा कानुन समितिका सभापति भोजप्रसाद श्रेष्ठले पनि कानून निर्माणका क्रममा सरोकारवाला पक्षसंग पर्याप्त वहस, छलफल हुन नसेकेको स्वीकारे । 'तर यसमा सरकार र प्रदेश सभा मात्र दोषी छैन, सरोकारवाला नागरिक समाज,कानुनका जानकारहरु, सम्बन्धित संघसंस्थाहरु नै जागरुक छैनन्, रुचि राख्दैनन्,' श्रेष्ठले भने-'विधेयकहरुको उत्पत्ति सरकार र सम्बन्धित मन्त्रालयले विज्ञहरुसँग राय सल्लाह लिएर, पर्याप्त छलफल गरेर नै ल्याउनुपर्ने हुन्छ, प्रदेश सभामा आएपछि सघन छलफल हुन नसकेको सत्य हो।' विधेयकलाई व्यवस्थित र पूर्ण बनाउन विषयगत संसदीय समितिका सांसदहरुको सक्रिय भूमिका हुनुपर्नेमा त्यसमा पनि कमी देखिएको श्रेष्ठले स्वीकारे।

**संशोधन हाल्ने, नागरिकको पक्षमा कानून बन्नुपर्छ भन्नेहरु चुनाव हार्छन्**

'विभिन्न स्वार्थ समूह, उद्योगी-व्यापारीको स्वार्थ विपरित तर नागरिकको हितमा संशोधन हाल्ने, प्रदेशसभा वा सार्वजनिक कार्यक्रममा बोल्ने सांसदलाई चुनाव जित्न गाह्रो हुँदोरहछ।'-कांग्रेस सचेतक निमा गिरीले भनिन् । अघिल्लो कार्यकालमा नागरिकको हितको पक्षमा अलि धेरै बोल्ने, विधेयकमा संशोधन हाल्ने माननीयहरुले चुनाव हारेको समेत पाइएको उनको भनाइ छ।

सचेतक गिरीका अनुसार कानून निर्माणको विषयमा कहिल्यै नबोल्ने, नलेख्नेहरुले सजिलै चुनाव जित्ने गरेको थुप्रै उदाहरण छन् । 'मतदातामा समेत सांसदको मुख्य काम राम्रो कानून बनाउने हो भन्ने ज्ञान नहुँदा जसले पूरा हुने नहुने विकासे कुरा गर्छन् उनैले चुनाव जित्ने देखिन्छ,' गिरीले भनिन्-'संशोधन हाल्नेहरु अधिकांश समानुपातिक सांसद हुन्छन्, प्रत्यक्ष जितेकाहरुमा मतदाता रिझाउने चुनावी स्वार्थ हावी हुँदोरहेछ।'

**'कर्मचारीको स्वार्थ र तजबिजमा बन्छन् कानुन'**

'लुम्बिनी प्रदेशसभाले विधेयकका सरोकारवालासँग अपवाद वाहेक छलफल नै गर्दैन, छलफल गरे पनि दिएका सुझाव समेट्दैनन्,' कानूनका अध्यापक युवराज कंडेल भन्छन्-'प्रदेशले बनाएका कानून मध्ये वन सम्बन्धी कानुन मात्रै देखिने गरी कार्यान्वयन भएको छ, अरु कानूनहरु कार्यान्वयन नै भएका छैनन्।'

'सहकारी विधेयक र अरु एकाध विधेयकवाहेक धेरैजसो विधेयकमा प्रदेश सांसदहरु कानून निर्माण प्रकृयामा सक्रिय भएको पाइएन,' पूर्व प्रदेशसभा सदस्य तिलकराम शर्मा भन्छन्-'पहिलो प्रदेश सभामा सहकारी विधेयकमा परेका ७ वटा संशोधन सबैभन्दा धेरै थिए।' अन्य विधेयकमा पनि त्यसरी नै सरोकारवालासँग पर्याप्त अध्ययन, छलफल गरेर कानून बनाउँदा मात्रै त्यस्तो कानून जनपक्षीय, सर्वस्वीकार्य र दीगो हुने शर्माको भनाइ छ।

'प्रदेशसभाको अघिल्लो कार्यकाल र दोस्रो कार्यकालको २ वर्षलाई हेर्दा सुशासन कायम गर्ने, फजूल खर्च नगर्ने जस्ता कानुन बनाउन सांसदहरुको चासो छैन', राष्ट्रिय जनमोर्चाकी पूर्व सांसद तारा जीसीले भनिन्-'जनप्रतिनिधिको तलब भत्ता बढाउने, आफ्ना कार्यकर्ता पोस्ने गरी कानून र नीति बनाउने काम मात्रै भएको छ। यस्तो प्रवृत्ति नत्याग्ने हो भने भ्रष्टाचारकै कारण संघीयता जोखिममा पर्छ।'

प्रदेशसभा सचिवालयका एक उच्च तहका कर्मचारी नाम उल्लेख नगर्ने शर्तमा भन्छन्-'अधिकांश माननीयहरुलाई कानून निर्माणको प्रकृया र त्यसमा सांसदले खेल्नुपर्ने भूमिकाबारे सैद्धान्तिक ज्ञान नै छैन, विधेयकमाथि जे जति संशोधन परेका छन् ती सांसदको व्यक्तिगत चासो र अग्रसरताले भन्दा पनि पार्टी संसदीय दलको निर्देशनमा भएका छन्।'

कानुनका अध्यापक अधिवक्ता महेन्द्र पाण्डेले कानून नागरिकका लागि बनाइने भएकाले नागरिक समाज र विषयविज्ञसँग व्यापक छलफल हुनुपर्ने बताउँछन्।

**छलफलै गरिन्न, गरे पनि सुझाव समेटिन्न**

नागरिक समाज दाङका संस्थापक अध्यक्ष केबी मसालले संघीयता कार्यान्वयनमा आएपछि तीनै तहका सरकारका संयन्त्रले नागरिक समाजलाई भुलेको र उपेक्षा गरेको बताए। 'लुम्बिनी प्रदेशसभा गठन भएपछि ७४ वटा कानून बने भनिएको छ तर प्रदेश राजधानी दाङमा क्रियाशील नागरिक समाजलाई अहिलेसम्म एकपटक पनि विधेयकमाथि छलफलमा बोलाइएको छैन, कुनै समन्वय, छलफल गरेको छैन,' मसालले भने-'प्रदेशसभाले बोलाउने त परको कुरा नागरिकसँग सरोकारका विाष्यमा ज्ञापनपत्र बुझाउन जाँदा समेत प्रदेश सभा र सरकारले बेवास्ता गरेको विडम्बनापूर्ण अवस्था छ।'

नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश पूर्व उपाध्यक्ष भरत केसीले लुम्बिनी प्रदेशसभाले कानुन बनाउँदा सरोकारवालासँग पर्याप्त छलफल नगरेको र छलफल गरेको विधेयकमा पनि सरोकारवालाबाट आएका सुझाव नसमेटेको बताउँछन्। मिडियासम्बन्धी विधेयकमा पत्रकार महासंघलगायत संस्था र पत्रकारहरुसँग दुई/तीन पटक छलफल भएको तर छलफलमा पत्रकारका संस्थाले दिएका मुख्य सुझावलाई उचित ढंगले नसमेटिएको केसीले बताए।

**दोहोरो जिम्मेवारीले कानुन निर्माणमा कम ध्यान**

प्रदेशसभाका संस्थापक सभामुख पूर्णबहादुर घर्तीमगरले सांसदहरुको काम कानून बनाउने मात्रै छैन, उनीहरुले आफ्नो निर्वाचन क्षेत्रको विकास निर्माण, क्षेत्रका नागरिकका दुःख, समस्यामा सहयोग गर्नुपर्ने, योजना र बजेटका लागि मन्त्रालय, मन्त्री र सचिवकहां धाउनुपर्ने भएकाले कानुन निर्माण प्रकृयमा पूरै ध्यान दिन, विधेयकहरु गहनरुपमा अध्ययन गर्न र सरोकारवालासँग छलफल गर्न कमी भएको बताए।

'सांसदहरु आफैं विधेयकमाथि कति अध्ययन, अनुसन्धान गर्ने, के विषयमा संशोधन हाल्ने भन्ने कुरामा जानकार र जिम्मेवार हुनुपर्ने हो तर त्यस्तो अवस्था र वातावरणको ज्यादै कमी छ,' घर्तीले आफ्नो ५ वर्षे अनुभव सुनाउँदै भने-'विधेयकमाथि संशोधनहरु न्यून संख्यामा भए पनि आउँथे, तर धेरै संधोधनहरु स्वार्थ बाँझिएका विषयमा र थोरै मात्र विधेयकलाई व्यवस्थित र थप कार्यान्वयनमुखी बनाउनका लागि आउँथे।' विधेयकहरुमाथि पर्याप्त छलफल र आवश्यक संशोधन आउन प्रदेश सभाका विषयगत समितिहरु पनि क्रियाशील हुन जरुरी रहेको घर्तीले औंल्याए।

प्रदेशका सभामुख तुलाराम घर्तीमगरले संघीय शासन प्रणालीको नविनतम संरचना प्रदेश संरचना भएको र प्रदेशलाई आफैं कानुन बनाउने र आफैं कानुन लागू गर्ने संवैधानिक अधिकार भएअनुसार प्रदेशसभाले कानुन निर्माण गरेको बताउँछन्।

प्रदेशको प्रथम प्रदेशसभाले आफ्नो पाँच वर्षे कार्यकालमा ७२ वटा कानुन निर्माण गरेको मध्ये २३ वटा सालवसाली कानुन र ४९ वटा प्रशासनिक र जनसरोकारका विषयगत कानुनहरु बनेका छन्। उनले भने-'विधेयक विषगत समितिमा गइसकेपछि विषयगत समितिले सरकार र सरोकारवाला निकायहरुलाई बोलाइ व्यापक छलफल गरी सरोकारवालाहरुको जायज र आवश्यक सुझावहरुलाई समेटी परिमार्जित विधेयक पारितको लागि आफ्नो प्रतिवेदनसहितको विधेयक समितिले सभामा पेश गर्नुपर्दछ, यही प्रावधानअनुसार कानुन बनेका छन्, कतिपय विधेयकमा पर्याप्त छलफल हुन सकेन होला ती अपवाद हुन्।'

अघिल्लो प्रदेशसभामा पेश भएका विधेयकहरु मध्ये उद्योग, वन र प्रहरी विधेयकमा सांसदहरुबाट आवश्यक संशोधन पेश भई गरमागरम बहसका बीचबाट दफावार छलफल गरी विधेयक पारित गरेको घर्तीले बताए।

दोश्रो प्रदेशसभामा दुई वर्षको अवधिमा हालसम्म ६ वटा विधेयक पारित भएका , २ वटा विधेयक पेश हुने र छिट्टै पारित हुने तयारीमा रहेका उनले बताए । प्रदेश निजामती सेवा ऐन, २०८० सरोकारवाला कर्मचारीहरु बीच घनिभुत छलफल र सुझाव समेटी आवश्यक परिमार्जनसहित पारित भैसकेको सभामुख घर्तीले जनाए । स्थानीय तह निजामती सेवा ऐनमा पनि १८ जना सांसदबाट २९ वटा संशोधन प्रस्ताव आएका उनले बताए । 'भदौ महिनाको मसान्तसम्म सरोकारवाला कर्मचारीहरुसँग व्यापक छलफल गरी आवश्यक परिमार्जनसहित पारित हुँदैछ,' उनले भने-'औद्योगिक ऐनमा आएका संशोधन पनि छलफल गरेर पारित हुँदैछ।'

**कान्ति...**

शिक्षा ऐनले विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सञ्चालनका लागि प्राप्त साधन स्रोतको परिचालन गर्ने, सम्पत्तिको लगत राख्ने, सुरक्षा गर्ने, विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क अद्यावधिक गराइराख्ने, विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने त्यसको जानकारी पालिकालाई दिने, शिक्षकको पदपूर्ति गर्ने र शिक्षक सरुवामा सिफारिस गर्नेलगायतका जिम्मेवारी तोकिएको हुन्छ।

यता पूर्वजिल्ला शिक्षा अधिकारी टेकबहादुर थापाले शिक्षाको अधिकार स्थानीय पालिकालाई दिएको र नगर शिक्षा ऐन समेत बनिसकेको अवस्थामा सामुदायिक विद्यालयलाई थप प्रभावकारी बनाउनु पर्नेमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष विवादले विद्यालयलाई कुनै कामकारबाही गर्नबाट वञ्चित गरिनु बालबालिकाहरुको शिक्षा लिन पाउनुपर्ने अधिकारमाथि हस्तक्षेप भएको बताए।

उनले शिक्षालयलाई यसरी राजनीतिक स्थलको रुपमा नभइ समस्याहरुको निकास निकालेर विद्यालयलाई गतिशील बनाउन विशेषगरी वडा कार्यालय र पालिकाको दायित्व रहेको बताउँदै सम्बन्धित निकायहरुले गम्भीर भएर लाग्नुपर्ने सुझाए।

सरकारले विद्यालयलाई शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ जारी गरी विद्यालयलाई राजनीतिबाट मुक्त राख्ने भनिसकेको भए पनि कान्ति मावि राजनीतिक दलहरुबाट मुक्त हुन सकेको छैन । अहिले विद्यालयल व्यवस्थापन समितिको अध्यक्षका लागि नेपाली कांग्रेसले जीवन ओझा र एमालेले पूर्ववडाध्यक्ष टंक पराजुलीलाई अगाडि सारेको बताइएको छ भने माओवादी केन्द्रले अभिभावकसमेत रहेका कृष्ण अर्यालको नाम लिएको छ।

विद्यालयमा शिक्षक कर्मचारी गरी कुल २ सय २४ जना रहेकामा २१ जना शिक्षकहरुको पदपूर्ति हुन सकेको छैन। यता एमालेले नाम अगाडि सारेको भनिएका टंक पराजुलीले आफूलाई यो विषयमा इच्छा नभएको बताए। उनले भने-'म पूर्वअध्यक्ष भइसकेको मान्छे हुँ, नाम त अगाडि सारिएको हो मैले काम गरेको हुनाले। तर मसँग कसैले कुरा गरेको छैन। समस्याको हल छिटो गरेर विद्यार्थीहरुको अधिकार सुनिश्चित गर्नुपर्छ।'

नेपाली कांग्रेसबाट नाम लिइएको भनिएका जीवन ओझाले आफूलाई केही थाहा नभएको बताए । बुटवल उपमहानगरभित्र रहेका सामुदायिकविद्यालयहरुको अवस्थालाई थप कमजोर बनाउने कार्य हुँदै आएको पाइएको छ। कान्ति मावि जस्तै लक्ष्मी माध्यमिक विद्यालय, नवीन औद्योगिक कदरबहादुर रीता मावि र रत्न माध्यामिक विद्यालयहरुमा पनि लामोसमयदेखि व्यवस्थापन समितिविहीन हुँदै आएको बताइएको छ। यस विषयमा बुटवल उप-महानगरपालिकाकी सूचना अधिकारी तुलसा अर्यालले कुनै ठोस प्रगति नभएको जनाइन्।

**एक...**

यी प्रायः थारु जातीले निर्माण गर्छन् । माटो र भुसको उपयोग र स्थानीय बिरुवाहरुको प्रयोग थारु जातिको विशेषता हो । इथ्नोबोटानीका विद्यार्थीलाई थारु जाती अध्ययनको महत्वपूर्ण विषय हुनसक्छ। केही अध्ययन भइसकेको छ र केही अध्ययन बाँकी नै छ। गोठमा देखें सालको ठूलो रुखलाई खोक्रो पारेर गाईवस्तुलाई घाँस हाल्ने बनाइएको थियो । फोटो लिएँ । अगाडि अर्को सानो डेहरी बनाइदै थियो, त्यसको पनि फोटो लिएँ । मनोजको बहिनी मैले फोटो लिएको उनले हेरिरहेकि थिइन् । मैले उनी र उनको साथीको पनि फोटो खिचें । उनीहरु लज्जाएँ । अझै पनि गाउँका यी बहिनीहरुलाई फोटो खिच्नु कत्ति महत्वपुर्ण कुरा हो जती हामी दशमा पढ्दा हुन्थ्यो ।

मलाई सम्झना छ दश कक्षाको ल्याकत परीक्षा पछि गरिने बिदाई कार्यक्रम पछि फोटो खिच्न हामीलाई कत्रो महाभारत भएको थियो । रिल राखेर खिचिने त्यो जमाना त गइसक्यो । हाम्रो गाउँमा दुईमात्र फोटो स्टुडियो थियो । त्यसमध्ये एउटा मात्र फोटो सफा गरिन्थ्यो । त्यो पनि पासपोर्ट साइजको ब्ल्याक एण्ड व्वाइट । हामी सबैको प्रवेशिका परीक्षाको प्रवेशपत्रमा त्यही स्टुडियोमा सफा गरिएको फोटो टाँसिएको थियो । ती बहिनीहरु लजाउँदा हामी दश कक्षाका विद्यार्थीले सामुहिक फोटो खिच्दाँ लजाएको याद आयो ।

प्रमिला उनको नाउँ । बाटुलो अनुहार, अल्लि कालो वर्ण । गम्भिर देखिने चेहरा । थारु उनको पुर्खादेखिको थर । हामी बसेका छौ डोरीले बनाएको खटियामा । पढ्दैछिन् स्थानिय सरकारी स्कुलमा दश कक्षामा । म उनलाई सिकाउन खोज्दैछु अंग्रेजीको ग्रामर, टेन्स ।

सिक्ने उनको उत्कण्ट चाहनाले मलाई प्रभावित पाऱ्यो । समयमा पुस्तक पुग्दैन । शिक्षक जाँगर गरेर पढाउँदैनन् । स्कुलमा भौतिक साधनको अभाव छ । घरमा सहयोग गर्ने अभिभावकको । उसो त सिंगो जिन्दगी अभाव नै अभावमा बित्दैछ । यो उमेर मनका भावनाहरुले पखेटा हाल्ने उमेर । चाहनाहरुले सीमाना नाघ्ने उमेर । रहरहरुले यथार्थ धरातल बिर्साउने उमेर । अनेक कल्पनाहरुले मनमा घर बनाउने उमेर ।

बर्दिया जिल्लाको यो थारु गाउँमा खपडाले छाएको, डेहरीले घेरेको सानो आयतनमा उनले पनि त अनेक कल्पना बुन्छिन् होला जिन्दगीबारे । उनले पनि सपनाहरु उन्छिन् होला आउने आगतबारे । तर रहरहरुलाई कतै समयको चापले च्यापिदिनुपर्ने विवशता छ । जिन्दगी रहर र चाहनालाई घटाएर आउने शेषमा बाँचेको छ। भन्छन् यो उमेरमा साहित्यले मानसिकताको निर्माण गरिदिनुपर्छ । कथाका असल पात्रहरुमा आफ्नो तस्विर देख्नुपर्छ उनीहरुले यो उमेरमा । तर यहाँ त पाठ्य पुस्तककै अभाव छ।

सम्झन्छु उनको उमेरमा इन्दिरा गान्धिलाई उनको बाबुले जेलबाट संसार, जीवहरुको उत्पत्तिबारे पत्र लेखेका थिए। प्रश्न उठ्छ मनमा, कहिले होला प्रमिला थारुहरुले स्कुलबाट फर्कदा बाटो भरि मान्छेको उत्पत्तिबारे छलफल गर्ने ? कहिले होला प्रमिलाहरुले धान रोप्दा समाजको विकासक्रम र क्रान्तिका इतिहासबारे चर्चा गर्ने ?

ओहो, हामीले यी माटोका सन्तानहरुलाई, यी साधारण किसानहरुलाई संसारका सृष्टि र समाजको परिवर्तनबारे बहस गर्ने बनाउनु छ । कर्तव्यबोध हुन्छ । हतारोको अनुभव हुन्छ । अनुहार हेर्छु प्रमिलाको । जिज्ञासाले भरिएको झै लाग्छ । के दिउँ के दिउँ जस्तो लाग्छ । झोलामा भएको सानो पुस्तिका दिन्छु उनलाई । उनको अनुहारमा उज्यालो छाउँछ। मुसुक्क मुस्काउँछिन् । यसै गरी प्रमिलाहरु हरेक दिन मुस्कुराउन ।


## सूचना ! सूचना!! सूचना!!!

पवन माध्यमिक विद्यालय रामग्राम-०२, परासी, नवलपरासीको विद्यालय ब्यवस्थापन समितिको मितिः२०८१।०५।१२ मा बसेको बैठकबाट भएको निर्णय अनुसार यस पवन मा.वि.परासीमा निजि स्रोतबाट तलब भत्ता खानेगरी कार्यरत रहेका शिक्षक तथा कर्मचारीहरु भएका तर विद्यालयको कार्य बिधि अन्तर्गत नरहेकाले ती शिक्षक तथा कर्मचारीलाइ कार्यबिधि अन्तर्गत ब्यवस्थापन गर्नका लागि तथा बालविकास स.का.समेतको लागि तपसिलमा उल्लेखित पदहरुमा खुल्ला विज्ञापन गरिएको हुँदा तपसिल अनुसारको शर्त भित्र रही नेपाली नागरिकबाट रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं | तह | विषय | संख्या | काम गर्न पर्ने तह |
|---|---|---|---|---|---|
| १ | १/२०८१-०८२ | आधारभूत तह (१-५) | सबै | ७ | अंग्रजी माध्यमतर्फ विद्याालयको आवश्यकता र शिक्षकको क्षमता अनुसार जुन सुकै तह र विषयको पठन-पाठनकार्यमा लगाउन सकिने छ। |
| २ | २/२०८१-०८२ | आधारभूत तह (६-८) | विज्ञान | १ | |
| ३ | ३/२०८१-०८२ | आधारभूत तह (६-८) | सामाजिक | १ | |
| ४ | ४/२०८१-०८२ | आधारभूत तह (६-८) | स्वास्थ्य | १ | |
| ५ | ५/२०८१-०८२ | आधारभूत तह (६-८) | कम्प्युटर | १ | |
| ६ | ६/२०८१-०८२ | लेखा सहायक | | १ | लेखापालको सहयोगी भई लेखा सम्बन्धि काम गर्न पर्ने |
| ७ | ७/२०८१-०८२ | बालविकास स.का. | | १ | |

१.पद : क) शिक्षकनिजी (अंग्रेजी माध्यम) ख) बालविकास स.का. ग) लेखा सहायक
२.शैक्षिक योग्यता : क)आधारभूत तह(१-५) को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट जुनसुकै विषयमा कम्तिमा १२ कक्षा उत्तीर्ण गरी स्थाई अध्यापन अनुमतिपत्र भएको हुनुपर्नेछ वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट शिक्षाशास्त्र विषयमा कम्तिमा १२ कक्षा उत्तीर्ण वा यस विद्यालयमा कार्यरत भई निरन्तर रुपमा सेवा गर्दै आएको हुनुपर्नेछ।
ख)आधारभूत तह (६-८) को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा १२ कक्षा उत्तीर्ण गरी स्थाई अध्यापन अनुमतिपत्र भएको हुनुपर्ने वा यस विद्यालयमा कार्यरत भई निरन्तर रुपमा सेवा गर्दै आएको हुनुपर्नेछ।
ग) बालविकास स.का. को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १२ कक्षाउत्तीर्ण भएको हुनुपर्नेछ।
घ) लेखा सहायक पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट लेखा विषयमा कम्तिमा १२ कक्षाउत्तीर्ण गरी नेपाली र अंग्रेजी दुबै माध्यममा टाइपगर्न सक्नुको साथै कम्प्युटर सम्बन्धि ज्ञान भएको हुनुपर्नेछ
ङ) तोकिएको न्युन्तम योग्यता भन्दा माथिल्लो योग्यता कार्यरत को हकमा एक पटकको लागि तथा बालविकास स.का. पदको लागि अध्यापन अनुमतिपत्र नभएता पनि उम्ममेद्वार हुन पाइनेछ।
३.पदपूर्तीको किसिम : विज्ञापन नं. ७/२०८१-०८२ करार तथा अन्य सबै पदहरु निजी करार
४.उम्मेद्वारको उमेर :१८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
५.तलब तथा अन्य सुबिधा : विज्ञापन नं. ७/२०८१-०८२ को सरकारी अनुदान तथा अन्यपदको लागि यस पवन माध्यमिक विद्यालय परासीको शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि २०८० अनुसार
६.परीक्षा दस्तुरः सबै पदको लागि रु १,०००।०० (एक हजार मात्र)
७.दरखास्त दिने अन्तिम मितिःप्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म
८.दरखास्तदिने स्थान : पवन मा.वि. परासीको विद्यालय प्रशासन (१० बजे देखि ४ बजे सम्म)
९.सम्पर्क मिति : दरखास्त दिने अन्तिम मिति समाप्त भएको भोलीपल्ट।
१०.परीक्षा मितिःसम्पर्क मितिमा तोकिने छ पेश गर्नुपर्ने कागजातहरुः क) नेपाली नागरिकताको प्रतिलिपि
ख) एस.एल.सी देखि न्युन्तम योग्यता सम्मका प्रमाणका प्रतिलिपिहरु भए माथिल्लो योग्यता समेत।
ग)अध्यापन अनुमति पत्रको प्रतिलिपि।

**थप जानकारीको लागि**

## पवन माध्यमिक विद्यालय

**रामग्राम-२, परासी, नवलपरासी फोन नं. ९८४७०८०६०१**



## मालपोत,कार्यालय भैरहवाबाट जारी भएको

## नामसारी हकदावी सम्बन्धी ३५ दिने सूचना

यसमा जिल्ला रुपन्देही साविक तेनुहवा हाल लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. ६ बस्ने बासिर धुनिया, मुन्सी रजा धुनिया र हबिबले ऐ.ऐ. बस्ने हसमाती धुनियाइनको मिति २०३३ साल अगावै र निज मृतकको श्रीमान सुवेदारको पनि मिति २०३३ साल अगावै आ-आफ्नै कालगतिले मृत्यु भएको तथा निज दम्पती सुबेदार र हसमाती धुनियाइनबाट हक खाने हकवाला एक मात्र छोरी मिठाई धुनियाइनको जाय जन्म भएकोमा निजको मिति २०५५/०१/१० मा तथा निजको श्रीमान बेकारु धुनियाको पनि २०३३ साल अगाबै आ-आफ्नै कालगतिले मृत्यु भएको तथा निजहरु जिवित रहँदासम्म देखरेख सेवा टहल औषधी उपचार तथा मृत्यु पश्चात् सामाजिक परम्परा अनुसारमा दाह संस्कार समेत हामीले नै गरेको हुँदा हसमाती धुनियाईनको नाममा दर्ता कायम रहेको साविक ज.वि. तेनुहवा वडा नं. ४ ग कि.नं. ३५७ ज. वि. ०-२-१ को जग्गा नामसारी गरी पाउँ भनी लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. ६ च.नं. २३१ मिति २०८१।०५।२५ गतेको सिफारिस समेत संलग्न राखी नामसारी माग निवेदन पेश गरेको सम्वन्धमा निवेदन बमोजिम नामसारी गर्दा अन्य कसैको व्यक्तिगत /सार्वजनिक हकदैयामा असर पर्ने तथा नामसारी गर्न नमिल्ने भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा बारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम जाने व्यहोरा सबैमा अनुरोध छ।

इति सम्बत् २०८१ साल ०५ महिना २५ गते रोज ५ शुभम्।



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी

# नेवार समुदायको 'कुमारी पूजा' सुरु



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

काठमाडौंका नेवार समुदायले गर्दै आएको कुमारी पूजाको प्रचलन स्याङ्जामा पनि सुरु गरिएको छ। स्याङ्जाका नेवार समुदायले कुमारी पूजा गर्ने प्रचलन अहिलेसम्म गरेका थिएनन्। यो वर्षदेखि अब स्याङ्जा सदरमुकाममा नेवार समुदायले जीवित कुमारी पूजा गर्ने प्रचलनलाई सुरु गरेका हुन्। नेवार समुदायमा गरिदै आएको कुमारी पूजाको किवंदन्ती निकै लामो छ। धर्म र संस्कारलाई जर्गेना गर्ने उद्देश्यसहित हरेक वर्षको हरितालिका तिजमा कुमारी पूजा गर्ने प्रचलन अगाडि बढाइएको नेवारी धर्मद्धार नाँच समितिका अध्यक्ष युगनारायण श्रेष्ठले बताए।

स्याङ्जाका विभिन्न क्षेत्रमा छरिएर रहेका नेवार समुदायले आफ्नो परम्पराअनुसार लाखे नाँचसहित गाईजात्रा देखाउँदै आएका थिए। तर कुमारी पूजाको प्रचलन भने नेवार समुदायले गरेका थिएनन्। आफन्तहरुको निधन भएको सम्झनामा पितृहरुको गाई बनाई जात्रा देखाउने प्रचलन रहिआएकोमा यो वर्षदेखि अब हरेक वर्षको हरितालिका तिजमा कुमारी पूजा गर्ने प्रचलन ल्याइएको अध्यक्ष श्रेष्ठले बताए। जनैपूर्णिमाबाट सुरु हुने लाखे नाँच हरितालिका तिजमा आएर सकिन्छ।

जनै पूर्णिमाको दिनदेखि लाखेहरु बजारसँगै नेवार समुदाय बस्ने स्थानमा छाड्ने र हरितालिका तिजमा लाखे भित्र्याउनुपर्ने प्रचलन भए पनि अहिलेसम्म लाखे भित्राउने काम नगरिएको बताइएको छ। लाखे भित्राउन कुमारी पूजा गर्नुपर्ने नेवार समुदायको प्रचलनअनुसार यो वर्षदेखि सुरु गरिएको हो। लाखेहरु छाडिदिँदा भूतप्रेतहरु लखेटिने विश्वास नेवार समुदायले लिँदै आएका छन्।

नेवार समुदायकै परिवारभित्र ५ वर्षदेखि ९ वर्षभित्रका छोरीहरुलाई कुमारीमा छनोट गर्ने विधि र प्रक्रिया रहेको छ। महिनावारी नहुनु अगाडिका छोरीहरुलाई कुमारी पूजामा छनोट हुनेछन्। कुमारी छनोटमा जन्मदा दाग लागेको नलागेको, घाउचोट नलागेको र ३२ लक्ष्यणले युक्तलाई कुमारीमा छनोट गरिनेछ। कुमारीमा छनोट भएकी छोरीले भुइमा टेक्न र छुन नहुने परम्परा छ। रातो पहिरन र रातो रङ्गमा कुमारीलाई सजाएर दर्शन गर्ने, पूजा गर्ने गरिन्छ। रातो रङ्गलाई देवीको प्रतिक र हिन्दु धर्मको शक्तिका रुपमा मानिने हुँदा कुमारीलाई रातो रङ्गमा सजाइने स्थानीय लालप्रसाद श्रेष्ठले बताए।

अब हरेक वर्ष जनै पूर्णिमाका दिन छाडिएका लाखेहरुलाई हरितालिका तिजको दिन कुमारी पूजासँगै मन्दिरमा भित्र्याउने प्रचलन ल्याइएको अध्यक्ष श्रेष्ठले बताए। स्याङ्जा सदरमुकाम पुतलीबजारस्थित भिमसेन मन्दिरमा आगामी दिनदेखि लाखे भित्र्याइ त्यो वर्षको लाखे नाँच र गाईजात्रा सम्पन्न हुने श्रेष्ठको भनाइ छ।

जनै पूर्णिमाबाट आफ्ना पितृहरुको सम्झनामा सुरु हुने लाखेजात्रा, गाईजात्रा, रोपाइँजात्रा, तायमाचा जात्रा, छोकडा (सलामी) जात्रा, घोडेजात्रा, जोगी जात्रा, बाघ जात्रा र कृष्ण रथयात्रा प्रदर्शन गर्ने परम्परा छ। घोडेजात्रा भने केही समयदेखि कम हुँदै आएको बताइएको छ।

पुतलीबजारमा सुरु गरिएको कुमारी पूजालाई अब स्याङ्जाका नेवार समुदायको साझा पूजा मानेर यो पर्व मनाउने तयारी भइरहेको अध्यक्ष श्रेष्ठले जानकारी गराए। यो पूजा निकै खर्चिलो र झन्झटिलो भएकाले यो पूजालाई दिगो बनाउन स्थानीय सरकारको साथ र सहयोग रहनुपर्ने श्रेष्ठले बताए। यो परम्पराले स्याङ्जा सदरमुकाममा पर्यटकहरुको आगमन हुनेहुँदा यो पूजालाई सबैले सहयोग गर्न समेत आग्रह गरेका छन्।

# आर्थिक क्षेत्रमा पुनर्जागरण ल्याउने चेम्बरको रणनीति

तानसेन। आर्थिक क्षेत्रमा पुनर्जागरण ल्याउन सहयोग पुऱ्याउने रणनीतिक कार्ययोजना बनाउँदै नेपाल चेम्बर अफ कमर्स लुम्बिनीको कार्यशाला शुक्रबार सम्पन्न भएको छ।

सरकारसँगको सहकार्यमा निजी क्षेत्रलाई सबल र सक्षम बनाएर मात्र समृद्ध नेपालको परिकल्पना साकार पार्न सकिने निश्कर्ष निकाल्दै चेम्बर लुम्बिनीले आगामी ३ वर्षे कार्ययोजना तय गरेको छ।

३ वर्षे रणनीतिअन्तर्गत चेम्बरले अन्तर्राष्ट्रिय चेम्बरहरुसँग सम्बन्ध बिस्तार गर्दै लुम्बिनीको समग्र औद्योगिक विकासका लागि नीतिगत पहल गर्न विभिन्न कार्ययोजना तय गरेको छ। त्यस्तै लुम्बिनी प्रदेशमा चेम्बरको संख्या १ सय पुऱ्याउने, साना तथा मध्यम व्यवसायीहरुलाई व्यवसाय प्रवर्द्धन र व्यवस्थापनसम्बन्धी तालिम दिने, प्रदेशका उत्पादनहरुको बजारीकरणका लागि प्लेटफर्म तयार गर्ने, परम्परागत मेला तथा तथा महोत्सवहरुलाई परिवर्तन गरेर बहुउपयोगी र आकर्षक बनाउने कार्ययोजना बनाएको छ।

मुलुकमा उत्पादन भएका गुणस्तरीय बस्तुहरुको निर्यातका लागि अन्तर्राष्ट्रिय चेम्बरहरुको सहकार्यमा व्यवसायीहरुलाई सहयोग गर्ने, निर्यातका लागि सम्भावित थप बस्तुहरुको पहिचान गर्नेलगायतका योजना तय गरेको छ।

त्यस्तै समग्र लुम्बिनी प्रदेशको आर्थिक विकासका लागि संरचनागत र नीतिगत सुधारका लागि पैरवी गर्ने, साना तथा मझौला उद्यमको सशक्तिकरण गर्ने, साझेदारी र सहकार्य बिस्तार गर्ने, पर्यटन विकासका लागि अन्तर्राष्ट्रिय चेम्बरहरुसँग सहकार्य गर्ने, सीप विकास तालिमहरु सञ्चालन गर्ने कार्ययोजना बनाएको छ।

सो अवसरमा चेम्बर लुम्बिनीका विभिन्न उपसमितिहरु गठन भएका छन्। उपसमितिहरुमा नीति निर्माण, राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्पर्क समन्वय उपसमिति, तालिम तथा क्षमता अभिवृद्धि, सङ्गठन बिस्तार तथा सदस्यता वृद्धि, पर्यटन प्रवर्द्धन, उद्योग, सचिवालय व्यवस्थापन, बित्त व्यवस्थापन, महिला उद्यमशीलता, युवा उद्यमशीलता र अनुगमन उपसमिति छन्।

कार्यशालाको समापन गर्दै प्रतिनिधिसभाका सदस्य ठाकुर गैरेले पाल्पामा सम्पन्न भएको चेम्बरको कार्यशालाले पाल्पाको पर्यटन प्रवर्द्धनको बाटो देखाउँदै लगानीको वातावरण बनाउन आव्हान गरेका छन्।

निजी क्षेत्रको सहभागिता बिना मुलुकको समृद्धिको परिकल्पना गर्न नसकिने बताउँदै उनले राज्यले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने धारणा राखेका थिए।

चेम्बर लुम्बिनीका अध्यक्ष टङ्क पोखरेलले कार्यशालाबाट तय गरिएको कार्ययोजना कार्यान्वयनमा लाग्ने प्रतिबद्धता जनाए।

कार्यशालाको सहजीकरण सहजकर्ता मुकुन्द ज्ञवालीले गरेका थिए।

# काभा पुरुष भलिबल टोलीमा न्यू होराइजनका तीनजना छात्र



बुटवल। सेन्ट्रल एशियन भलिबल एशोसिएसन (काभा) को आयोजनामा आगामी अक्टोबरको पहिलो साता श्रीलंकामा हुने प्रतियोगितामा भाग लिने १२ जनाको टोलीमा बुटवलको न्यू होराइजन मावि बुटवलका तीन जना विद्यार्थी परेका छन्।

लुम्बिनी प्रदेशको प्रतिनिधित्व गर्दै न्यू होराइजनका विद्यार्थीहरु सूर्य विक, सागर रसौली र लेशमन राहाडीमगर टोलीमा छनोट भएका हुन्। सात प्रदेशमा भएको छनोटबाट सबैभन्दा धेरै लुम्बिनी र सुदूरपश्चिमबाट ३-३ जना छनोट भएका हुन्।

यसअघि १८ जना छनोट भएकामा एक महिनासम्म चलेको बन्द प्रशिक्षणबाट उत्कृष्ट १२ खेलाडी छनोट भएका हुन्। टोलीमा पहल गहतराज (कर्णाली), सुरेश मल्ल (सुदूरपश्चिम), अशोक राना (सुदूरपश्चिम), शैलेन्द्र यादव (मधेश प्रदेश), जीतबहादुर सार्की (गण्डकी), सूर्य वि.क. (गण्डकी), सुजन सुनार (बागमती), अर्जुन नेपाली (सुदूरपश्चिम), विश्वास अधिकारी (गण्डकी) छनोट भएका हुन्। न्यू होराइजनबाट छनोट भएका खेलाडीहरुलाई विद्यालयले यसअघि नै खेल सामग्रीसहित सम्मान गरेको थियो।

# विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता

देवदह। रुपन्देहीको देवदहमा व्यवहारिक शिक्षा, आजको आवश्यकता विषयक माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ।

पूर्वी क्षेत्र निजी विद्यालय परिवार (इप्सा) रुपन्देहीको आयोजनामा उक्त प्रतियोगिता सम्पन्न भएको हो। पूर्वी क्षेत्र निजी विद्यालय परिवार (इप्सा) रुपन्देहीका अध्यक्ष रामबहादुर गुरुङ्गको अध्यक्षता र देवदह नगरपालिकाका उपप्रमुख विद्यालक्ष्मी गुरुङ्गको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो।

प्रतियोगिताको उद्घाटन गर्दै उपप्रमुख गुरुङ्गले सभ्य र जिम्मेवार नागरिक बनाउन व्यहारिक शिक्षा आवश्यक रहेकोमा जोड दिइन। उनले सैद्धान्तिक शिक्षासँगै विद्यार्थीहरुलाई व्यवहारिक शिक्षा दिन आवश्यक रहेको बताउँदै व्यवहारिक शिक्षाले मात्र देश आत्मनिर्भर हुने बताइन। उपप्रमुख गुरुङ्गले देवदहलाई शिक्षाको हबको रुपमा विकास गर्न नगरपालिका लागिरहेको दाबी गरिन। उनले राज्यले शिक्षामा लगानी गरे पनि परिणाम आउन नसकेको बताउँदै शिक्षाको विकासमा निजी विद्यालयहरुको महत्वपूर्ण योगदान रहेको चर्चा गरिन।

कार्यक्रममा इप्सा रुपन्देहीका सल्लाहकार एवं एन प्याब्सनका केन्द्रीय सचिव कृष्णप्रसाद पौडेल, प्याब्सन रुपन्देहीका सहसचिव बोधराज गौडेललगायतले आ-आफ्ना भनाइ राखेका थिए। पूर्वी क्षेत्र निजी विद्यालय परिवार (इप्सा) रुपन्देहीमा आबद्ध १३ वटा विद्यालय सहभागि रहेको प्रतियोगितामा ग्रिनप्लान्ट आवासीय माध्यमिक विद्यालयका स्वीकृती न्यौपाने प्रथम, मदरल्याण एकेडेमीका प्रेरणा न्यौपाने द्वितीय, देवदह इङ्ग्लिस बोर्डिङ स्कुलका शंकर पाण्डे तृतीय र देवदह बुद्ध पब्लिक आवासीय माध्यमिक विद्यालयका विशेषता तिवारी सान्त्वना भएको छ। प्रतियोगितामा यज्ञलाल सापकोटा, माया घिमिरेले निर्णायकको भूमिका निर्वाह गरेका थिए। पुर्वी क्षेत्र निजी विद्यालय परिवार (इप्सा) रुपन्देहीका उपाध्यक्ष चुराबहादुर थापाको स्वागत र कोषाध्यक्ष कृष्णप्रसाद गैरेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।


## आ.व. ०८१/०८२ को दररेट

बाराही ह्यूम पाइप उद्योग प्रा.लि. आबु खैरेनी-२ तनहुँ, गण्डकी प्रदेशले आ.व. २०८१/०८२ मा तपशिल बमोजिमको दररेटमा ह्यूम पाइप दिन सक्ने सूचना प्रकाशित गरिएको छ। यस दररेटमा मु.अ. कर (VAT) र ढुवानी भाडा नियम अनुसार लाग्ने छ।

| क्र.स. | NP3 ह्युम पाइप साइज | प्रतिथान मूल्य रु | प्रतिथान लम्बाई |
|---|---|---|---|
| १ | NP3 ३० cm डाया ह्यूम पाइप | ७९२०।- | २.५ मी. |
| २ | NP3 ४० cm डाया ह्यूम पाइप | १०४५०।- | २.५ मी. |
| ३ | NP3 ४५ cm डाया ह्यूम पाइप | ११५५०- | २.५ मी. |
| ४ | NP3 ५० cm डाया ह्यूम पाइप | १३२००।- | २.५ मी. |
| ५ | NP3 ६० cm डाया ह्यूम पाइप | १५४००।- | २.५ मी. |
| ६ | NP3 ७५ cm डाया ह्यूम पाइप | २२५५०।- | २.५ मी. |
| ७ | NP3 ९० cm डाया ह्यूम पाइप | २७५००।- | २.५ मी. |
| ८ | NP3 १०० cm डाया ह्यूम पाइप | ३०८००।- | २.५ मी. |
| ९ | NP3 १२० cm डाया ह्यूम पाइप | ४२९००।- | २.५ मी. |

माथि उल्लेखित मूल्यमा भ्याट र ढुवानी अतिरिक्त लाग्नेछ।

प्रो. भागवत कंडेल मोबाइल नं. ९८५८०५३८७१

**बाराही ह्युम पाइप उद्योग प्रा.लि.**
आबु खैरेनी-२, तनहुँ, गण्डकी प्रदेश, नेपाल


# मासु व्यवसायीलाई सचेतना अभिमुखीकरण




बुटवल। मासु व्यवसायी संघ रुपन्देहीले आफ्ना सदस्यहरुको पसलमा पुगेर सरसफाइ तथा गुणस्तर सचेतना अभियान सुरु गरेको छ।

संघका अध्यक्ष विशाल थापा, पदाधिकारी र सदस्यसहितको टोलीले शुक्रबार चिडियाखाला क्षेत्रबाट सचेतना अभियान सुरु गरेको हो। पहिलो दिन करिब ४० वटा मासु पसलमा अवलोकन गरी पसलको नियमित सरसफाइ गर्न तथा ताजा, स्वच्छ र गुणस्तरीय मासु बिक्री गर्न सचेत गराएको संघका अध्यक्ष थापाले बताए।

व्यवसायीले उपभोक्ताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर गुणस्तरीय मासु बेच्ने काममा तलमाथि नगरुन् भनेर संघले यो अभियान चलाएको र यसलाई नियमित सञ्चालन गर्ने उनले बताए।

साथै संघले ब्रोइलर कुखुराको मासु प्रतिकेजी २० रुपैयाँ घटेकाले नयाँ मूल्य ३ सय ८० रुपैयाँ कायम भएको मूल्यसूची समेत व्यवसायीलाई वितरण गरिएको उनले जानकारी दिए।

खुला सीमाबाट कुखुराको तस्करी भएका कारण मूल्यमा अस्वस्थ प्रतिस्पर्धा भएकाले स्वदेशी ब्रोइलर कुखुरा खरिद गर्ने मासु व्यवसायीहरु मर्कामा परेको गुनासो आएकाले सरकारले अवैध आयात रोक्नुपर्ने अध्यक्ष थापाले बताए।


## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्

सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल

## आले डेण्टल हस्पिटल प्रा. लि.

श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com

दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com